कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम कामकारोवार गर्न इजाजतपत्रप्राप्त

# जनसेवी लघुवित्त वित्तीय संस्था लि.

# JANASEWI LAGHUBITTA BITTIYA SANSTHA LTD.

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र संस्था
पर्वत जिल्ला, कुस्मा नगरपालिका वडा नं ५, कुस्माबजार
फोन नम्बर : ०६७-४२१२८७, ४२१३१३
इमेल ठेगाना : janasewi.mfi@gmail.com वेव : www.janasewimfi.com.np

को

# विवरणपत्र

(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)

| विवरण | वास्तविक (रु.हजारमा) | | | प्रक्षेपित (रु.हजारमा)** | | |
|---|---|---|---|---|---|---|
| | ०७२/०७३ | ०७३/७४ | ०७४/७५ | ०७५/०७६ | ०७६/०७७ | ०७७/०७८ |
| प्रति शेयर नेटवोर्थ (रु.) | ९६.९९ | १००.५८ | १०४.३० | ११६.५० | १३८.९० | १७७.१० |
| प्रति शेयर आम्दानी (रु.) | (२.४६) | १.९५ | ३.९५ | १३.८२ | २२.१८ | ३८.२१ |
| नेटवोर्थमा प्रतिफल (%) | (२.५४) | १.९४ | ३.७९ | ११.८४ | १५.९७ | २१.५८ |
| संचित नाफा/नोक्सान | (४८४) | २६१ | ३,२७९ | १८,८४० | ४३,८१० | ८६,८२९ |

वित्तीय संस्थाको जारी पूँजी रु. १४,४३,३०,००० को ३२.१० प्रतिशतले हुन आउने रु. ४,६३,३०,०००/- रकम बराबर प्रति शेयर रु. १००/- अंकित दरका ४,६३,३०० कित्ता शेयरमध्ये ३० प्रतिशतले हुन आउने ४,३२,९९० कित्ता शेयर सर्वसाधारणहरुका लागि, ५ प्रतिशतले हुन आउने २३,१६५ कित्ता शेयर सामूहिक लगानी कोषको लागि र बाँकि ७,१४५ कित्ता शेयर वित्तीय संस्थाको कर्मचारीहरुकोलागि गरिएको सार्वजनिक निष्काशन ।

यस विवरणपत्र मार्फत् निष्काशन गरिने साधारण शेयरको सार्वजनिक निष्काशन गर्नका लागि ईक्रा नेपाल लि. बाट "ईक्रा एनपि आईपिओ ग्रेड ४" प्रमाणपत्र मिति २०७५/०९/२३ गते प्रदान गरेको छ । [ICRANP] IPO GRADE 4 ले औषत भन्दा तल आधारहरु (Below Average Fundamentals) जनाउदँछ । सो सम्बन्धी विवरण यस विवरणपत्रको दफा २२(ण) मा उल्लेख गरिएको छ ।

**दरखास्तसाथ प्रति शेयर रु.१००/- का दरले (सतप्रतिशत) भुक्तानी माग गरिएको ।**

**लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण:**
धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्यांकन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्कासन मूल्यले सूचीकरण पश्चात् धितोपत्र बजारमा हुने कारोवार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको दफा ८ मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

**नियामक निकायको जवाफदेहिता नरहने उद्घोषण:**
यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्काशनकालागि तयार गरिएको यस विवरणपत्रलाई धितोपत्र सम्बन्धी कानुन बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृति प्रदान गरेको छ । यसरी बोर्डले विवरणपत्रमा स्वीकृति प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्बद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लेखित कुराको सत्यता वा निष्काशनकर्ता वा आयोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

संस्थापक तथा सञ्चालकहरु र संस्थापक शेयरधनीहरुका एकाघरको सदस्यले यस सार्वजनिक निष्काशनमा आवेदन दिन पाउने छैनन् । नेपाल धितोपत्र बोर्डबाट विवरणपत्रमा स्वीकृति प्राप्त भएको मिति २०७६/०१/०२, नेपाल राष्ट्र बैंकमा विवरण पत्र दर्ता भएको मिति २०७६/०१/०८ र कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मिति २०७६/०१/१६ गते ।

| | |
|---|---|
| धितोपत्र निष्काशन खुल्ला मिति : | २०७६/०१/२७ |
| धितोपत्र निष्काशन बन्द हुने मिति (छिटोमा): | २०७६/०१/३१ (बैंकिङ्ग समय पश्चात) |
| धितोपत्र निष्काशन बन्द हुने मिति (ढिलोमा): | २०७६/०२/२६ (बैंकिङ्ग समय पश्चात) |

बिक्री प्रबन्धक

NMB CAPITAL LIMITED

**एनएमबि क्यापिटल लिमिटेड**
नागपोखरी, काठमाडौं फोन नं.: ०१-४४३७९६३, फ्याक्स: ०१-४४३७९६०
इमेल: info@nmbcl.com.np । वेब: www.nmbcl.com.np

**१. विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा :**

क) "विवरणपत्र" भन्नाले सार्वजनिक रुपमा शेयर निष्काशन गर्न धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत तयार पारी प्रकाशित निष्काशन कम्पनीको सन्दर्भमा लगानीकर्ताहरुलाई जानकारी दिनको लागि तयार गरिएको प्रस्तुत पुस्तिकालाई सम्झनु पर्दछ ।

ख) "धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक" भन्नाले एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौंलाई सम्झनु पर्दछ ।

ग) "वित्तीय संस्था" भन्नाले निष्काशनकर्ता कम्पनी जनसेवी लघुवित्त वित्तीय संस्था लिमिटेडलाई सम्झनु पर्दछ ।

घ) "संकलन केन्द्र" भन्नाले सार्वजनिक निष्काशनको लागि तयार गरिएको विवरणपत्र र दरखास्त फारम प्राप्त गर्न सकिने तथा दरखास्त फारम साथ रकम बुझाउन सकिने गरी तोकिएका संस्थाहरुलाई सम्झनु पर्दछ ।

ङ) "निष्काशन बैंक" भन्नाले निष्काशन तथा बिक्री प्रबन्धकसँग सम्झौता गरी धितोपत्र निष्काशनका क्रममा आवेदकबाट प्राप्त हुने रकम जम्मा गर्न जिम्मेवारी लिने वाणिज्य बैंक तथा राष्ट्रिय स्तरको विकास बैंक सम्झनु पर्दछ ।

च) "नियमन निकाय" भन्नाले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय तथा नेपाल राष्ट्र बैंकलाई सम्झनु पर्दछ ।

छ) "संस्थापक, सञ्चालक, प्रमुख कार्यकारी अधिकृत तथा व्यवस्थापन" भन्नाले जनसेवी लघुवित्त वित्तीय संस्था लिमिटेडको संस्थापक, सञ्चालक, कार्यकारी प्रमुख तथा व्यवस्थापनलाई सम्झनु पर्दछ ।

ज) "बोर्ड" भन्नाले नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्दछ ।

**२. विवरणपत्र तथा दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :**

| सि.नं. | विवरणपत्र प्राप्त गर्ने संस्थाको नाम र ठेगाना |
|---|---|
| १. | एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौं र वेवसाइट : www.nmbcl.com.np |
| २. | जनसेवी लघुवित्त वित्तीय संस्था लिमिटेड, केन्द्रीय कार्यालय, कुस्मा न.पा. ५, पर्वत, वेवसाइट : www.janasewimfi.com.np |
| | |
| **सि.नं.** | **दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :** |
| १. | नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्बा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु । |

**१. धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :**

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/सञ्चालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस वित्तीय संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै विवरणपत्रमा उल्लेख गरिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतिकालागि नेपाल धितोपत्र बोर्डमा धितोपत्र सम्बन्धी ऐन र नियमावली अनुरुपको योग्यता पुगेको प्रतिवद्धतापत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

**२. संगठित संस्थाको उद्घोषण :**

**क) संचालकको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी उद्घोषण :**

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरुका साथै निष्काशन तथा बिक्री प्रवन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुको सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्काशन अनुमति प्रयोजनकालागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सो सँग सम्बन्धित अन्य विवरण तथा जानकारीहरुको शुद्धता तथा सत्यताप्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी सञ्चालकहरु व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्काशनकालागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी यो उद्घोषण गर्दछौं कि तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेका छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

**ख) संगठित संस्थाको जवाफदेहीता सम्बन्धी उद्घोषण :**

यस वित्तीय संस्थाले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरण बाहेक वित्तीय संस्थाको बारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहिता वित्तीय संस्थामा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सो को जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ ।

**ग) नियमन निकायको नियमन व्यवस्थाको पालना सम्बन्धी उद्घोषण :**

प्रचलित कानुन अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तै कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक आदि) को सार्वजनिक निष्काशन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं । साथै सार्वजनिक निष्काशन प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सो मा उल्लेखित सम्झौता वा अन्य विवरणहरु नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा पेश गरेका छौं ।

**घ) संस्थापक, संचालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण :**

(क) यस वित्तीय संस्थाको संस्थापक, सञ्चालक वा कार्यकारी प्रमुख कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।

(ख) यस वित्तीय संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख कालो सूचीमा रहेको अन्य संगठित संस्थामा सञ्चालक वा कार्यकारी प्रमुख रहेका छैनन् ।

(ग) सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी बेपत्ता भएका वा संचालनमा नरहेका वा लगानीकर्ताहरुको हित विपरीत हुने कार्य गरेको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस वित्तीय संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।

(घ) धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमतिपत्र खारेज भएको दश वर्ष पूरा नभएको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस वित्तीय संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।

(ङ) यस वित्तीय संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख धितोपत्र सम्बन्धी ऐनको दफा १०८ बमोजिम सञ्चालक वा कार्यकारी प्रमुख हुन अयोग्य रहेका छैनन् ।

**३. संगठित संस्था सम्बन्धी जानकारी :**

**क) संगठित संस्थाको पृष्ठभूमि :**

**(क) संस्थाको नाम:**

जनसेवी लघुवित्त वित्तीय संस्था लिमिटेड (Janasewi Laghubitta Bittiya Sanstha Limited)

**(ख)संस्था कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा:**

यस वित्तीय संस्था कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७१/१२/२३ मा नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक लिमिटेड कम्पनीको रुपमा दर्ता भएको हो । बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अनुसार मिति २०७२/०६/१२ मा नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न स्वीकृति प्राप्त गरी दश जिल्ला कार्यक्षेत्र भएको

"घ" वर्गको वित्तीय संस्थाको रुपमा मिति २०७२/०६/२२ गतेदेखि लघुवित्त सम्बन्धी बैंकिङ्ग कारोवार सञ्चालन गर्दै आएको छ ।

**(ग) संस्थाको रजिष्टर्ड ठेगानाः**

यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय पर्वत जिल्ला, कुस्मा नगरपालिका वडा नं. ५, कुस्माबजारमा रहेको छ।

**(घ) कारोवार गर्ने मुख्य स्थानः**

यस वित्तीय संस्थाको कारोवार स्थान पर्वत, बाग्लुङ्ग, म्याग्दी, गुल्मी, रुकुम, रोल्पा, कास्की, तनहुँ, लमजुङ्ग र गोरखा जिल्ला गरी १० जिल्ला रहेको छ र नेपाल राष्ट्र बैंकको स्वीकृति लिई आवश्यकता अनुसार शाखा, उपशाखा वा अन्य कार्यालय खोली वित्तीय कारोबार गर्न सकिनेछ । हाल यस वित्तीय संस्थाले रजिर्ष्टर्ड कार्यालयको अलावा देहायका स्थानहरुमा रहेका शाखा कार्यालयहरुबाट आफ्नो वित्तीय सेवा प्रदान गर्दै आईरहेको छ ।

| क्र. सं. | कार्यालय रहेको नाम र स्थान | क्र. सं. | कार्यालय रहेको नाम र स्थान |
|---|---|---|---|
| १. | शाखा कार्यालय, कुस्मा, पर्वत | १४. | शाखा कार्यालय, रुकुमकोट, रुकुम |
| २. | शाखा कार्यालय, फलेवास, पर्वत | १५. | शाखा कार्यालय, नौडाँडा, कास्की |
| ३. | शाखा कार्यालय, बगरफाँट, म्यादी | १६. | शाखा कार्यालय, वेलचौतारा, तनहुँ |
| ४. | शाखा कार्यालय, दमेक, बाग्लुङ्ग | १७. | शाखा कार्यालय, लक्ष्मीबजार, गोरखा |
| ५. | शाखा कार्यालय, जैविरे, पर्वत | १८. | शाखा कार्यालय, खुंग्री, रोल्पा |
| ६. | शाखा कार्यालय, राजाचौतारा, कास्की | १९. | शाखा कार्यालय, बलेटक्सार, गुल्मी |
| ७. | शाखा कार्यालय, साजवोट, तनहुँ | २०. | शाखा कार्यालय, बाग्लुङ्ग, बाग्लुङ्ग |
| ८. | शाखा कार्यालय, पाउँदिढिक, लमजुङ्ग | २१. | शाखा कार्यालय, पुर्तीघाट गुल्मी |
| ९. | शाखा कार्यालय, भादगाउँ, तनहुँ | २२. | शाखा कार्यालय, तम्घास, गुल्मी |
| १०. | शाखा कार्यालय, हटिया, बाग्लुङ्ग | २३. | शाखा कार्यालय, लुङ्खुदेउराली, पर्वत |
| ११. | शाखा कार्यालय, दरभाङ्ग, म्याग्दी | २४. | शाखा कार्यालय, डिमुवा, पर्वत |
| १२. | शाखा कार्यालय, बुर्तिवाङ्ग, बाग्लुङ्ग | २५. | शाखा कार्यालय, रानीपानी, पर्वत |
| १३. | शाखा कार्यालय, शान्तिपुर, गुल्मी | | |

**(ङ) संगठित संस्थाको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरुः**

यस वित्तीय संस्था २०७१/१२/२३ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक लिमिटेड कम्पनीको रूपमा दर्ता भएको हो । यस वित्तीय संस्थाले मिति २०७२/०६/१२ गते वित्तीय संस्थाको रूपमा वित्तीय कारोवार गर्न नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त गरी मिति २०७२/०६/२२ गतेका दिनदेखि औपचारिक रुपले कारोवार शुभारम्भ भएको यस वित्तीय संस्थाको कार्यक्षेत्र पर्वत, बाग्लुङ्ग, म्याग्दी, गुल्मी, रुकुम, रोल्पा, कास्की, तनहुँ, लमजुङ्ग र गोर्खा जिल्ला गरी १० जिल्ला रहेको छ। यस वित्तीय संस्थाका संस्थापक तथा सञ्चालकहरुमा वित्तीय क्षेत्र, सरकारी, गैर सरकारी, शैक्षिक क्षेत्र, कृषि, उद्योग तथा व्यापार क्षेत्र एवम् व्यवस्थापनमा लामो समयदेखि कार्यरत अनुभवी प्रतिष्ठित व्यक्तिहरु रहनु भएको छ । **वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ४ तथा नियमावलीको नियम ४ मा उल्लेख गरिए बमोजिम नेपाल राष्ट्र बैंक ऐन २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी कानून तथा अन्य प्रचलित कानुनको अधीनमा रही वित्तीय कारोवार गर्ने यस वित्तीय संस्थाको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेको छ :-**

(क) वित्तीय संस्थाका निक्षेपकर्ताको हकहितको संरक्षण र सम्बर्द्धन गर्दै स्वस्थ प्रतिष्पर्धाबाट सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो बैंकिङ्ग तथा वित्तीय मध्यस्थता सेवा उपलब्ध गराउने,

(ख) कृषि, लघु उद्योग, सेवा, स-साने व्यापार तथा अन्य व्यवसायीक रुपले संभाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवम् उत्पादकत्व वृद्धिकालागि आवश्यक बैंकिङ्ग तथा वित्तीय साधन आन्तरिक तथा बाह्य श्रोतबाट जुटाई देशको लघु उद्योग, व्यापार एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुऱ्याउने,

(ग) उपलब्ध शीप, श्रम तथा पूँजीलाई उचित रुपमा परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारीमूलक व्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवम् प्रवर्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणकालागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने,

(घ) वित्तीय सेवामा जोखिम कम गर्दै वित्तीय क्षेत्रको उदारीकरणमा मद्दत पुऱ्याउने र देशको अर्थतन्त्रलाई सबल तथा सुदृढ बनाउन सहयोग पुऱ्याउने,

(ङ) देशको समग्र वित्तीय प्रणालीप्रति सर्वसाधारणको विश्वसनीयता अभिवृद्धि गर्न सहयोग पुऱ्याउने,

(च) निरपेक्ष गरिबीको रेखामुनी रहेका जनसमुदायलाई लक्षित गरी आयमूलक कार्यक्रमकालागि लघुवित्त सेवा उपलब्ध गराई उनीहरुको आर्थिक उन्नती गराउने, र

(छ) विपन्न तथा पिछडिएका महिलाहरुलाई समूहको माध्यमबाट लघुवित्त सेवा उपलब्ध गराउने ।

(च) संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा) : सो नभएको ।

**(छ) अन्य विवरणहरु:**

**(१) संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरु:**

वित्तीय संस्थाले प्रदान गर्ने मुख्य सेवाहरुमा ग्राहक सदस्यहरुबाट निक्षेप (बचत) संकलन, कर्जा प्रवाह र विप्रेषण भुक्तानी सेवा समेत प्रदान गर्न सकिने रहेको छ ।

**(२) प्रयोग भएको वा गरिने प्रविधि :**

वित्तीय संस्था बैंकिङ्ग सेवा प्रदायक कम्पनी भएकोले माथि खण्ड (१) मा उल्लेखित सेवा प्रदान गर्न यस कम्पनीले वित्तीय क्षेत्रमा अनुभव भएका तथा योग्य कर्मचारीहरुलाई छनौट गरी जिम्मेवारी दिने गरेको छ साथै समय समयमा कर्मचारीहरुलाई सेवासंग सम्बन्धित विभिन्न प्रकारका आन्तरिक साथै स्वदेशी तालिम तथा प्रशिक्षण प्रदान गर्ने गरिएको छ । ग्राहकहरुलाई सेवा प्रदान गर्ने कार्यकालागि निजहरुको हिसाव किताबलाई चुस्त दुरुस्त राख्न सफ्टवेयरको समेत प्रयोग गरी लेखाङ्कन गर्ने गरिएको छ । विप्रेषण सेवा प्रदान गर्नकालागि नेपाल राष्ट्र बैंकको स्वीकृति लिई सेवा प्रदायक कम्पनीको सह एजेण्टको रुपमा समेत कार्य गर्ने गरिएको छ । ग्राहकलाई प्रदान गरिने सेवाकालागि विभिन्न प्रकारका फारमहरुको प्रयोग गरी पारदर्शी रुपमा विवरण राख्ने गरिएको छ ।

**(३) कुनै व्राण्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र वित्तीय संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार:** सो नभएको ।

**(४) संगठित संस्थालेओगटेको बजार क्षेत्र :**

२०७२/०६/१२ गते वित्तीय संस्थाको रूपमा वित्तीय कारोवार गर्न नेपाल राष्ट्र बैंकबाट ईजाजतपत्रप्राप्त गरी मिति २०७२/०६/२२ गतेदेखि "घ" वर्गको १० जिल्ला कार्य क्षेत्र भएको वित्तीय संस्थाको रुपमा आफ्नो वित्तीय कारोवार सञ्चालन गर्दै आएको यस वित्तीय संस्थाले आ.व. २०७५ मंसिर मसान्त सम्मा १० जिल्लामा २५ वटा शाखा कार्यालयहरुबाट आफ्नो सेवा विस्तार गरी त्यस क्षेत्रका १३,३३६ सदस्यहरुलाई आफ्नो सेवा प्रदान गरेको छ । सो अवधिभित्रमा वित्तीय संस्थाको निक्षेप रु. १४ करोड ८० लाख ७४ हजार २ सय १० र सावाँमा बाँकी रहेको कर्जा रु. ४९ करोड ५ लाख १६ हजार ५ सय ९० मात्र पुऱ्याउन सफल रहेको छ ।

**(५) नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजना :**

यस क्षेत्रमा नयाँ संस्थाहरुको आगमन भईरहेकाले प्रतिष्पर्धा अत्यन्त बढिरहेको छ । ग्राहकहरुलाई सुहाँउदो किसिमको कर्जा, निक्षेप तथा अन्य जस्तै विप्रेषण सेवाका योजनाहरु प्रदान गरी सर्वसुलभ तवरले सेवा प्रदान गर्नु चुनौतिपूर्ण देखिएको छ । त्यसका साथै नेपाल राष्ट्र बैंकबाट जारी हुने निर्देशन तथा परिपत्रहरु अनुरुप बैंकिङ्ग सेवा प्रदान गर्नु वित्तीय संस्थाहरुको पहिलो प्राथमिकता रहेको हुन्छ । यीनै तथ्यहरुलाई हृदयंगम गरी यस वित्तीय संस्थाले ग्राहकहरु लक्षित उपयुक्त किसिमका कर्जा तथा बचतका कार्यक्रमहरु समय सापेक्ष अनुसार लागु गर्दै लगेको छ र यस प्रकारको योजनालाई आगामी दिनमा समेत निरन्तरता दिंदै जानेछ ।

**(६) उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका :**

वित्तीय संस्थाको प्रमुख बजार हाल पर्वत, बाग्लुङ्ग, म्याग्दी, गुल्मी, रुकुम, रोल्पा, कास्की, तनहूँ, लमजुङ्ग र गोर्खा जिल्ला गरी १० जिल्ला रहेको छ र हरेक वर्गका ग्राहकको आवश्यकता अनुरुप नै सेवाहरु उपलब्ध गराउँदै लैजाने वित्तीय संस्थाको लक्ष्य रहेको छ ।

**(७) उत्पादन/ सञ्चालन क्षमता र सोको उपभोग स्थिति :**

बैंक तथा वित्तीय संस्थामा लामो अनुभव हासिल गर्नु भएका सञ्चालक/व्यवस्थापन दक्षताको आधारमा यस वित्तीय संस्थाले स्थापनाको छोटो समयमा नै वित्तीय बजारको राम्रो हिस्सा ओगट्न र ग्राहकहरुलाई राम्रो सेवा प्रदान गर्न सफल रहेको देखिन्छ ।

**(८) कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता :**

सो नभएको ।

**(९) गुण नियन्त्रणको लागि गरिएको व्यवस्था :**

बैंक तथा वित्तीय संस्था, शैक्षिक क्षेत्र, सरकारी सेवा उद्योग एवम् व्यापार क्षेत्रमा लामो अनुभव हासिल गर्नु भएका सञ्चालक/व्यवस्थापन समूह ग्रहकहरुलाई गुणस्तरीय सेवा, सुविधा प्रदान गर्नका लागि तत्पर रहेका छन् ।

**(१०) अनुसन्धान तथा विकास :**

नेपालको बैंकिङ्ग तथा वित्तीय क्षेत्रमा प्रतिस्पर्धात्मक स्थिति रहेको आजको पृष्ठभूमिमा वित्तीय संस्थाले अनुसन्धान तथा विकासलाई उच्च प्राथमिकता दिई सो कार्यका लागि छुट्टै अधिकृत नियुक्त गरिने छ । जसले नयाँ सेवाहरुको विकास मात्र नभई हाल प्रदान गरिएका सेवाहरुमा समय सापेक्ष रुपमा आवश्यक परिमार्जनहरु गर्ने नयाँ सेवाहरुको उपयुक्तताको सम्बन्धमा व्यवस्थापनलाई सुझाव उपलब्ध गराउनेछ । साथै वित्तीय संस्थाले ग्राहक वर्गमा नयाँ निक्षेपका योजनाहरु, ग्राहकमुखी सरल कर्जा सुविधा र विश्वसनीय नयां नयां प्रविधिको प्रयोग गरी आफ्ना ग्राहकहरुलाई प्रतिस्पर्धात्मक एवं गुणस्तरीय सेवा प्रदान गर्ने लक्ष्य राखेको छ ।

**(११) विगत १२ महिनाको अवधिमा संस्थाको सञ्चालनमा असर पर्ने गरी भएको वाधा, व्यवधान :**

सो नभएको ।

**(१२) मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण :**

सो नभएको ।

**(१३) बजार, प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति :**

लघुवित्त संस्थाहरुको संख्या दिनप्रतिदिन बढ्दै गईरहेको छ । जसले गर्दा कार्यक्रमको विस्तार र सेवा प्रदान गर्नकालागि नयाँ स्थान तथा क्षेत्रहरुको पहिचान गरी कार्यक्रम संञ्चालन गर्न चुनौति देखिएको छ । एकैस्थानमा धेरै लघुवित्तहरुको उपस्थितिले बजार अत्यन्तै प्रतिष्पर्धी भएको छ । एउटै ग्राहकले एक भन्दा बढी संस्थाहरुबाट समेत गरी दोहोरो तेहोरो कर्जा सुविधा उपभोग गर्ने अवस्था श्रृजना भएको छ । जसले गर्दा कर्जाको गुणस्तर कायम गर्न चुनौति देखिएको छ । त्यसैगरी योग्य कर्मचारीहरुलाई टिकाईराख्न पनि त्यत्तिकै समस्या देखिएको छ । उपरोक्त बजारको अवस्था, प्रतिष्पर्धा र अन्य वित्तीय संस्थाहरुको उपस्थितिको बाबजुद यस वित्तीय संस्थाले कुशलतापूर्वक आफ्नो वित्तीय कारोवार सञ्चालन गरी आफ्नो वित्तीय स्थितिलाई मजबुत बनाउँदै लगेको छ । आ.व. २०७२/०७३ सम्मको अवधिमा रु. ६,०२,५९५.३० सञ्चालन नोक्सानीमा रहेकोमा पछिल्लो आ.व. २०७४/०७५ मा रु. ३८,६९,७३१.७५ सञ्चालन मुनाफा आर्जन गर्न सफल भएको छ । समान प्रकृतीका संस्थाहरु बीच तिव्र प्रतिस्पर्धा भएतापनि उपयुक्त कर्जा तथा निक्षेपका योजनाहरु र सर्वसुलभ सेवा प्रदान गर्ने योजना अनुरुप यस वित्तीय संस्थाले आफ्नो क्षेत्रमा फरक पहिचान बनाउन सफल भई बजारमा आफ्नो स्थान ओगट्न सफल भएको छ ।

**(१४) प्रमुख ग्राहकहरुको विवरण (जस्तै-संस्थाको कूल वार्षिक कारोवारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने तत् सम्बन्धी विवरण) :**

सो नभएको ।

**(१५) प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै- संस्थाको कूल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने तत् सम्बन्धी विवरण) :**

सो नभएको ।

**ख) सम्पत्तिको विवरण :**

**(क) संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था :**

वित्तीय संस्थाको हालका सम्पत्तिको अवस्था तल उल्लेख गरिए बमोजिम रहेको छ।

| विवरण | सम्पत्ति | | | | | अन्य | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|---|---|---|---|---|---|
| | भवन | परिवहन साधन | फर्निचर | कार्यालय सामान | लिज होल्ड सम्पत्ति | | | |
| परलमोल | | | | | | | | |
| क) गत वर्ष मौज्दात | - | ३६६,८००.०० | १,६९८,५४३.०१ | ३७६,९७१.०० | | १,६५३,४०५.५० | ४,०९५,७१९.५१ | १,६०५,८०२.८० |
| ख) यस वर्ष थप | - | - | ८१५,०५३.५८ | ४३२,५९०.०० | | १,०२०,१२०.०० | २,२६७,७६३.५८ | २,१२५,३४०.७८ |
| ग) यस वर्ष पुर्नमुल्याङ्कन/पूनर्लेखन | - | - | - | - | - | - | - | - |
| घ) यस वर्ष विक्री | - | - | - | - | - | - | - | - |
| ङ) यस वर्ष अपलेखन | - | - | - | - | - | - | - | - |
| कुल परलमोल | - | ३६६,८००.०० | २,५१३,५९६.५९ | ८०९,५६१.०० | - | २,६७३,५२५.५० | ६,३६३,४८३.०९ | ३,७३१,१४३.५८ |
| ह्रासकट्टी | | | | | | | - | |
| क) गत वर्षसम्मको | | १०४,०६४.०० | ४८१,२९२.३५ | १०५,४०९.९८ | | ४९७,२२३.३९ | १,१८७,९८९.७२ | ३९३,७७४.७० |
| ख) यस वर्ष | | ५२,५४७.२० | ५७६,७०८.४१ | ११०,७८०.५३ | | ४०४,३९६.११ | १,१४४,४३२.२५ | ४२९,६३९.०९ |
| ग) ह्रासकट्टी पुर्नमुल्याङ्कन/पूनर्लेखन | | - | | - | | | - | - |
| घ) ह्रासकट्टी रकम समायोजन/फिर्ता | | - | | - | | | - | - |
| कुल ह्रासकट्टी | - | १५६,६११.२० | १,०५८,०००.७६ | २१६,१९०.५१ | - | ९०१,६१९.५० | २,३३२,४२१.९७ | ८२३,४१३.७९ |
| वुक भ्यालु | - | २१०,१८८.८० | १,४५५,५९५.८३ | ५९३,३७०.४९ | - | १,७७१,९०६.०० | ४,०३१,०६१.१२ | २,९०७,७२९.७९ |
| जग्गा | - | - | - | - | - | - | - | - |
| पुँजीगत निर्माण | - | - | - | - | - | - | - | - |
| जम्मा | - | २१०,१८८.८० | १,४५५,५९५.८३ | ५९३,३७०.४९ | - | १,७७१,९०६.०० | ४,०३१,०६१.१२ | २,९०७,७२९.७९ |

**(ख) बुँदा (क) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि (मिति समेत उल्लेख गर्नुपर्ने):**

उक्त बुँदामा उल्लेखित सम्पत्ति वित्तीय संस्थाको आफ्नै स्वामित्वको हो ।

**(ग) यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण** : सो नभएको ।

**(घ) विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको किताबी मूल्य र बजार मूल्य बीच फरक भएमा सो को विवरण:**

वित्तीय संस्थाको सम्पूर्ण सम्पत्ति वास्तविक खर्चको हिसावमा कायम गरिएको छ ।

**(ङ) सम्पत्तिको मूल्यांकन गरिएको तरिका सम्बन्धी विवरण:**

परलमोलमा नियमानुसार गर्नुपर्ने ह्रास कट्टी गरी लेखामान अनुसार बाँकी रहेको वास्तविक सम्पत्तिलाई सम्पत्तिको रुपमा राखिएको छ र सोको पुनर्मूल्यांकन गरिएको छैन ।

## (ग) भावी योजना तथा रणनीति :

(क) व्यवसाय/सेवाको वृद्धिकालागि संस्थाको भावी योजना र त्यस्तो योजनाको प्राीप्तका लागि चालिने समयवद्ध रणनीति:

वित्तीय संस्थाले आफ्नो व्यवसाय/सेवाको वृद्धिकालागि चाल्ने भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीति निम्नानुसार छन् ।

- आगामी दिनहरुमा शाखा विस्तारमा थप जोड दिने ।
- वित्तीय संस्थाले आफ्नो शाखा विस्तारको हिसावले निक्षेप संकलन तथा कर्जा प्रवाह गर्नेछ ।
- भविष्यमा समेत ग्राहकहरुबाट माग भए बमोजिमका सेवा सुविधाहरु आफ्ना ग्राहक वर्गमा ल्याउन प्रयत्नरत रहेको छ।
- सेवाग्राहीको संख्यामा वृद्धि गर्दै लगिने छ ।
- समय सापेक्ष रुपमा कार्यक्षेत्र विस्तार गरी संस्थाको दायरा फराकिलो बनाउँदै लगिने छ ।

(ख) प्रतिष्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितिको आधारमा संगठित संस्थाको व्यवसायको भविष्य :

देशको बैंकिङ्ग क्षेत्रमा हाल प्रतिष्पर्धा अत्याधिक रहेको छ र सोही कारणले गर्दा यस वित्तीय संस्थाले आफ्नो उल्लेख्य क्षेत्र ओगट्न विभिन्न रणनीतिका साथ अघि बढेको छ । वर्तमान आर्थिक, राजनैतिक र बैकिङ्ग प्रतिष्पर्धा बीच सफलताका साथ अगाडी बढ्न वित्तीय संस्थाले आफ्ना सेवा तथा कार्यक्रममा भिन्नता, शाखा विस्तारमा बैंक नभएका अर्ध शहरी र ग्रामीण क्षेत्रमा जोड, आधुनिक तथा प्रविधियुक्त बैंकिङ्ग सेवा जस्ता रणनीति अवलम्वन गरेर अगाडी बढिरहेको छ । उल्लेखित रणनीतिको कारण वित्तीय संस्था आफ्ना लगानीमा रहेको जोखिमहरु कम गर्न सक्षम रहेको छ र भविष्यमा वित्तीय क्षेत्रमा एक भिन्न क्षेत्र ओगट्ने कुरामा दृढ रहेको छ ।

## घ) सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था

क) संचालक समितिको संरचना, संचालकहरुको योग्यता र प्रतिनिधित्व तथा संचालक हुनुको लागि लिनुपर्ने न्यूनतम शेयर संख्या सम्बन्धी व्यवस्था :

वित्तीय संस्थाको नियमावलीको नियम २७(२) मा भएको व्यवस्था अनुसार एक जना महिला सञ्चालक सहित ७ (सात) जना सञ्चालक रहेको एक सञ्चालक समिति देहाय बमोजिम हुनेछ ।

तर सर्वसाधारण शेयरधनीहरुबाट निर्वाचित हुने २ (दुई) जना संचलकहरुको सट्टामा रहेका/रहने संचालकहरु सर्वसाधारण शेयरधनीहरु समेतको सहभागितामा सम्पन्न वार्षिक/विशेष साधारणसभाले सर्वसाधारण समूहबाट २ (दुई) जना संचालकहरु निर्वाचित गरेपछि निजहरु स्वतः पदमुक्त हुनेछन् ।

| | |
|---|---|
| संस्थापक समूहबाट मनोनित/निर्वाचित | ४ (चार) जना |
| सर्वसाधारण शेयरधनीहरुबाट निर्वाचित | २ (दुई) जना |
| स्वतन्त्र व्यवसायिक विशेषज्ञ सञ्चालक | १ (एक) जना |

सञ्चालकहरुको कार्यकाल ४ (चार) वर्षको हुनेछ ।

**संचालक हुनुको लागि लिनुपर्ने न्यूनतम शेयर संख्या सम्बन्धी व्यवस्था :**

यस वित्तीय संस्थाको नियमावलीको नियम २८ मा व्यवस्था भए अनुसार वित्तीय संस्थाको सञ्चालकको पदमा नियुक्त हुनको लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा १०० (एक सय) कित्ता शेयर लिएको हुनुपर्नेछ । तर स्वतन्त्र सञ्चालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा यो व्यवस्था लागु हुने छैन ।

**४. पूँजी संरचना सम्बन्धी जानकारी :**

**(क) अधिकृत, जारी तथा चुक्ता पूँजी र संस्थाको स्थापना पश्चात सो मा परिवर्तन भएको भए तत्सम्बन्धी विवरण :**

- **अधिकृत पूँजी :** यस वित्तीय संस्थाको अधिकृत पूँजी रु. ३०,००,००,०००।- (अक्षरेपी तीस करोड मात्र) रहेको छ। उक्त पूँजीलाई रु. १००।– का दरले ३०,००,००० (तीस लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ।
- **जारी पूँजी :** यस वित्तीय संस्थाको तत्काल जारी पूँजी रु. १४,४३,३०,०००।- (अक्षरेपी चौध करोड त्रिचालिस लाख तिस हजार मात्र) रहेको छ। उक्त पूँजीलाई रु. १००।– का दरले १४,४३,३०० (चौध लाख त्रिचालिस हजार तिन सय) थान शेयरमा विभाजन गरिएको छ।
- **चुक्ता पूँजी :** यस वित्तीय संस्थाको संस्थापकहरुबाट तत्काल चुक्ता पूँजी रु. ९,८०,००,०००।- (अक्षरेपी नौ करोड असी लाख मात्र) रहेको छ। जसलाई रु. १००।– का दरले ९,८०,००० (नौ लाख असी हजार) थान शेयरमा विभाजन गरिएको छ। यस विवरणपत्र मार्फत सर्वसाधारणलाई रु. ४,६३,३०,०००।- (अक्षरेपी चार करोड त्रिसठ्ठी लाख तिस हजार मात्र) रकम बराबरको शेयरको निष्काशन पश्चात् लघुवित्त वित्तीय संस्थाको चुक्ता पूँजी रु. १४,४३,३०,०००।- (अक्षरेपी चौध करोड त्रिचालिस लाख तिस हजार मात्र) हुनेछ।
- **अधिकृत, जारी तथा चुक्ता पूँजीमा भईआएको/परिवर्तन भएको भए तत्सम्बन्धी विवरण :**
  यस वित्तीय संस्थाको स्थापना पश्चात् पूँजीमा भएको परिवर्तन सम्बन्धी विवरण :

| क्र.सं | आ. व. | अधिकृत पूँजी | जारी पूँजी | चुक्ता पूँजी |
|---|---|---|---|---|
| १ | २०७२/७३ | १०,००,००,००० | ३,५०,००,००० | २,४५,००,००० |
| २ | २०७३/७४ | १०,००,००,००० | ७,००,००,००० | ४,९०,००,००० |
| ३ | २०७४/७५ | ३०,००,००,००० | १४,००,००,००० | ९,८०,००,००० |
| ४ | २०७५/७६ | ३०,००,००,००० | १४,४३,३०,००० | ९,८०,००,००० |

**(ख) निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप) :**

साधारण शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् हुने वित्तीय संस्थाको चुक्ता पूँजीको संरचना देहाय बमोजिम रहेको छ :

| समूह | शेयरधनीहरु | साधारण शेयर संख्या | पूँजी प्रतिशत (%) | चुक्ता रकम | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| क | संस्थापक शेयरधनीहरु | ९,८०,००० | ६७.९० | ९,८०,००,००० | शतप्रतिशत |
| ख | सर्वसाधारण शेयरधनीहरु (कर्मचारी सहित) | ४,६३,३०० | ३२.१० | ४,६३,३०,००० | निष्काशन पश्चात शतप्रतिशत हुने |
| **जम्मा** | | **१४,४३,३००** | **१००** | **१४,४३,३०,०००** | **शतप्रतिशत** |

**(ग) शेयर प्रिमियम खाता (निष्काशन पूर्व र निष्काशन पश्चात्)**

निष्काशित शेयर प्रिमियममा नभई अंकित मूल्यमा जारी गरिएको हुँदा शेयर प्रिमियम खाताको आवश्यकता नरहेको।

**५. संस्थापक/सञ्चालक सम्बन्धी जानकारी :**

**(क) संस्थापक/सञ्चालकको पृष्ठभूमि:**

(क) आधारभूत शेयरधनीहरु तथा सञ्चालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभवर प्रस्तावित व्यापार/व्यवसायमा अनुभव :

- **आधारभूत शेयरधनीको विवरण:**
  सो नभएको

- **सञ्चालकहरुको विवरण :**

| क्र.सं. | नाम | पद | उमेर | राष्ट्रियता | ठेगाना | शेयर स्वामित्व | शैक्षिक योग्यता | अनुभव | | प्रस्तावित व्यापार व्यवसाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | सम्बन्धित | अन्य | |
| १ | श्री विकास गौचन (संस्थापक समूह) | अध्यक्ष | ७० | नेपाली | रानीपानी-६, पर्वत | १८,००० | प्रमाणपत्र तह | • जनसेवी लघुवित्त वित्तीय संस्थामा मिति २०७२/०६/१२ गते देखि २०७३/०७/१० गतेसम्म संस्थापक अध्यक्ष तथा मिति २०७३/०७/११ गतेदेखि हालसम्म अध्यक्षको रुपमा रहनुभएको । | • प्रोप्राइटर-लिजर वर्ल्ड टुर्स एण्ड ट्राभल्स प्रा.लि.<br>• पर्यटन व्यवसायमा विगत २० वर्षदेखि आवद्ध ।<br>• समाजसेवी । | नरहेको |
| २ | श्री पद्यराज रेग्मी (संस्थापक समूह) | संचालक | ६८ | नेपाली | ठापाठाना-६, पर्वत | ८,००० | स्नातकोत्तर | • जनसेवी लघुवित्त वित्तीय संस्थामा मिति २०७२/०६/१२ गते देखि २०७३/०७/१० गतेसम्म संस्थापक संचालक तथा मिति २०७३/०७/११ गते देखि हालसम्म संचालकको रुपमा रहनुभएको । | • नेपाल सरकारको अधिकृत तहदेखि सहसचिव तहसम्म कार्य गरेको अनुभव । | नरहेको |
| ३ | श्री कुल प्रसाद गुरुङ्ग (संस्थापक समूह) | संचालक | ६७ | नेपाली | ललितपुर उप मनपा. -१५, सुनाकोठी, ललितपुर | १०,००० | स्नातकोत्तर | • जनसेवी लघुवित्त वित्तीय संस्थामा मिति २०७२/०६/१२ गते देखि २०७३/०७/१० गतेसम्म संस्थापक संचालक तथा मिति २०७३/०७/११ गतेदेखि हालसम्म संचालकको रुपमा रहनुभएको । | • आइन्सटाईन कलेज, ठसिखेल, ललितपुरको संस्थापक र क्याम्पस प्रमुखमा विगत १८ वर्षदेखि कार्यरत ।<br>• ब्रिटिस गोर्खा हाई स्कुल, हङ्गकङ्गमा २० वर्ष सहायक प्राध्यापकको रुपमा कार्य गरेको अनुभव । | नरहेको |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | श्री मेघनाथ सुवेदी (संस्थापक समूह) | संचालक | ५६ | नेपाली | पिपलटारी - ३, पर्वत | १२,००० | प्रमाणपत्र तह | • जनसेवी लघुवित्त वित्तीय संस्थामा मिति २०७२/०६/१२ गते देखि २०७३/०७/१० गतेसम्म संस्थापक संचालक तथा मिति २०७३/०७/११ गतेदेखि हालसम्म संचालकको रुपमा रहनुभएको । | • पुस्तक व्यवसायी तथा समाजसेवी । | नरहेको |
| ५ | श्री नेत्र प्रसाद पराजुली (संस्थापक समूह) | संचालक | ४८ | नेपाली | छिस्ती -३, बाग्लुङ्ग | १६,००० | प्रमाणपत्र तह | • जनसेवी लघुवित्त वित्तीय संस्थामा मिति २०७२/०६/१२ गते देखि २०७३/०७/१० गतेसम्म संस्थापक संचालक तथा मिति २०७३/०७/११ गतेदेखि हालसम्म संचालकको रुपमा रहनुभएको । | • किराना तथा थोक व्यापारको व्यवसायी । | नरहेको |
| ६ | श्री शान्ता कुमारी पोखरेल उप्रेती (संस्थापक समूह) | संचालक | ६२ | नेपाली | काठमाण्डौं -३४, काठमाण्डौं | १५,६०० | स्नातक | • राष्ट्रिय बीमा संस्थानमा सह व्यवस्थापक तहसम्म रही ३० वर्षसम्म कार्य गरेको अनुभव । <br>• जनसेवी लघुवित्त वित्तीय संस्थामा मिति २०७२/०६/१२ गते देखि २०७३/०७/१० गतेसम्म संस्थापक संचालक तथा मिति २०७३/०७/११ गतेदेखि हालसम्म संचालकको रुपमा रहनुभएको । | • समाजसेवी | नरहेको |

नोट : हाललाई स्वतन्त्र व्यवसायिक विशेषज्ञ सञ्चालकको पद रिक्त रहेको छ र निकट भविष्यमा स्वतन्त्र व्यवसायिक विशेषज्ञ सञ्चालक नियुक्त गरिने छ ।

**(ख) संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण (Profile) र उक्त कम्पनी/संस्थाका सञ्चालकहरुको नाम, ठेगाना, (प्राकृतिक व्यक्ति नखुलेसम्म)**: सो नभएको

**(ग) संगठित संस्थाको सञ्चालक अन्य कुनै कम्पनी, संस्था, कोष, संगठनसँग आवद्ध भए त्यस्तो सञ्चालक र आवद्ध भएको संस्थाको नाम, ठेगानाः**

यस वित्तीय संस्थाको संचालकहरु त्यस्तै खालका अन्य संगठित संस्थाहरुमा संचालक नभएको यकिन गरिएको र संचालकहरुको सम्बन्धमा संचालकहरुबाट सुचिकृत सङ्गठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ अनुसारका प्रावधानहरु तथा कम्पनी ऐन २०६३ को दफा ८९ को उपदफा (१) (छ) मा उल्लेखित प्रावधानहरुको पूर्णरुपमा पालना भएको छ ।

**(घ) संस्थापक/सञ्चालकको हक हस्तान्तरण बन्देज सम्बन्धी विवरण :**

क) नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृती नलिई वित्तीय संस्थाको शेयर कुनै विदेशी बैंक वा वित्तीय संस्थालाई विक्री वा हस्तान्तरण गरिने छैन ।

ख) नेपाल राष्ट्र बैंकको पूर्वस्वीकृती नलिई संस्थापक र सर्वसाधारण समूहको शेयर स्वामित्व अनुपातमा परिवर्तन गर्न पाइने छैन ।

ग) वित्तीय संस्थाले कारोवार सञ्चालन गरेको पाँच वर्ष नपुगेसम्म सो संस्थाको संस्थापकले आफ्नो शेयर बिक्री वा धितोबन्धक राख्न पाउनेछैन र उक्त अवधिपछि त्यस्तो शेयर बिक्री गर्दा वा धितोबन्धक राख्नुपर्दा नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृती लिनु पर्नेछ । यस व्यवस्था बमोजिम वित्तीय संस्थाले कारोबार संचालन गरेको पाँच वर्ष नपुगे तापनि वित्तीय संस्थाको संचालनमा कुनै बाधा व्यवधान उत्पन्न भई विशेष परिस्थितिको सृजना हुन गएमा नेपाल राष्ट्र बैंकको स्वीकृती लिई संस्थापकहरुका बीचमा शेयर खरीद बिक्री गर्न सकिनेछ ।

तर त्यसरी हक छोड्दा वा हस्तान्तरण गर्दा पहिलो प्राथमिकता जुन समूहको शेयर हो सोही समूहका शेयरधनीहरुलाई दिनु पर्नेछ । समूहभित्र उपसमूह रहेको अवस्थामा जुन उप समूहको शेयरधनीलाई प्राथमिकता दिइनेछ । यसरी शेयर बिक्री गर्दा एक भन्दा बढी शेयरधनीले शेयर खरीदगर्न चाहेमा निजले धारण गरेको शेयरको अनुपातमा वितरण गर्नु पर्नेछ । सो समूहमा कुनै पनि संस्थापक शेयरधनीले शेयर लिने इच्छा नगरेमा मात्र त्यस्तो शेयर नेपाल राष्ट्र बैंकको स्वीकृती लिई संचालक समितिको निर्णय बमोजिम अन्य व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई बिक्री गर्न सकिने छ ।

घ) कुनै संस्थापक शेयरधनीको मृत्यु भएमा वा प्रचलित कानुन बमोजिम पारिवारिक अंशवण्डा भएमा वा अदालतको आदेशले निजको शेयर हकवालामा नामसारी हुने भएमा खण्ड (ग) को बन्देज लागू हुने छैन ।

ङ) सर्वसाधारणले शेयर खरीद गर्दा १० अंकले भाग गर्दा शेष नरहने गरी न्यूनतम १० कित्ता शेयर तथा अधिकतम १,००० कित्ता बराबरको रु. एक लाख सम्मको अधिकतम शेयरका लागि आवेदन दिन सक्नेछन् । तर हकप्रद शेयर र वोनस शेयरको हकमा यो बन्देज लागू हुने छैन ।

च) वित्तीय संस्थाका सञ्चालक, कार्यकारी प्रमुख, लेखापरीक्षक, सचिव वा वित्तीय संस्थाको व्यवस्थापन तथा लेखासम्बन्धी कार्यमा प्रत्यक्षरुपले संलग्न व्यक्तिले त्यस्तो पदमा बहाल रहँदाको बखत वा त्यस्तो पदवाट अवकास प्राप्त गरेको कम्तीमा एक वर्षसम्म वित्तीय संस्था वा त्यसको सहायक कम्पनीको शेयर आफ्नो वा आफ्नो परिवारको नियन्त्रणमा रहेको फर्म, कम्पनी वा संस्थाको नाममा खरीद बिक्री गर्न, गराउन दिन, धितोबन्धक राख्न, राख्न लगाउन वा दान बकस लिन, दिन वा लेनदेन गर्नु हुँदैन । तर, नयाँ शेयर जारी गरेको अवस्थामा यो प्रतिवन्ध लागु हुने छैन ।

छ) कसैले खण्ड (च) विपरित काम गरेमा त्यस्तो शेयरवित्तीय संस्थाले जफत गर्नेछ र त्यसरी जफत भएको शेयर संचालक समितिले उचित ठहऱ्याएको किसिमबाट बिक्री बितरण गर्न सक्नेछ ।

ज) शेयर खरीद वा हस्तान्तरण गर्न बन्देज सम्बन्धी अन्य व्यवस्था प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी कानून, धितोपत्र कारोवार सम्वन्धी कानून तथा अन्य प्रचलित कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।

धितोपत्र सार्वजनिक निष्काशन गर्न सक्ने गरी संस्थापित संगठित संस्थाका सर्वसाधारण बाहेक अन्य समूह (संस्थापक र अन्य समूह) ले लिएको शेयर संगठित संस्थाले सार्वजनिक निष्काशन गरेको शेयर बाँडफाँड भएको मितिले तीन वर्षको अवधि पूरा नभई बिक्री गर्न पाईने छैन ।

**ख) संस्थापक/सञ्चालकसँगको कारोवारः**

**क) संगठित संस्थाबाट कुनै संस्थापक/सञ्चालकले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै वस्तु वा सुविधा (आर्थिक वा गैरआर्थिक) प्राप्त गरेको वा प्राप्त गर्ने भएमा त्यस्तो वस्तु वा सुविधाको प्रकृति र मूल्य र त्यस्तो सुविधा दिए वापत वित्तीय संस्थाले कुनै सम्पत्ति, सेवा प्राप्त गरेको वा गर्ने भएमा तत्सम्बन्धी विवरणः**

वित्तीय संस्थाको सञ्चालकहरुले सञ्चालक समितिको बैठक भत्ता बाहेक अन्य कुनैपनि संस्थापक वा सञ्चालकले यस संस्थाबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै वस्तु वा सुविधा (आर्थिक वा गैर आर्थिक) प्राप्त गरेका छैनन् र सो सम्बन्धमा वित्तीय संस्थाले संस्थापक वा सञ्चालकबाट कुनै सम्पत्ति वा सेवा समेत प्राप्त गरेको छैन ।

**(ख) बुँदा (क) मा उल्लेखित वस्तु वा सुविधाको मूल्य निर्धारण गर्न अपनाइएको तरिकाः**

सो नभएको ।

**६. सीमित दायित्व सम्बन्धी विवरण :**

यस वित्तीय संस्था कम्पनी ऐन, (पहिलो संशोधन) २०७३ अन्तर्गत संस्थापित तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत सञ्चालित पब्लिक लिमिटेड कम्पनी हो । यस वित्तीय संस्थाको शेयरधनीहरुको दायित्व निजले खरीद गरेको वा खरीद गर्न कबोल गरेको शेयरको अधिकतम रकमसम्म मात्र सिमित रहनेछ ।

**७. संगठित संस्थाको कर्मचारी सम्बन्धी जानकारी :**

**(क) संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरणः**

क) संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका कर्मचारीको नाम, योग्यता, नियुक्ति भएको मिति, पहिले गरेको कामको अनुभव तथा संगठित संस्थाको शेयर लिएको भए शेयर संख्या सम्बन्धी विवरण । साथै त्यस्तो कर्मचारीहरु अन्य कुनै सूचिकृत संगठित संस्थाको आधारभूत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी गरेको भए उक्त संगठित संस्थाको नाम र लगानी गरेको रकम खुलाउनु पर्ने ।

| क्र.सं. | कर्मचारीको नाम | पद | योग्यता | नियुक्ति मिति | पहिले गरेको कामको अनुभव | शेयर संख्या |
|---|---|---|---|---|---|---|
| १. | श्री कमल बहादुर खत्री | प्रमुख कार्यकारी अधिकृत | स्नातक | २०७४।०१।१० | • साविक पश्चिमाञ्चल ग्रामीण विकास बैंक (हाल नेपाल ग्रामीण लघुवित्त वित्तीय संस्था लिमिटेडमा सहायक स्तर तहमा १० वर्ष ४ महिना कार्य गरेको अनुभव ।<br>• गरिमा विकास बैंक लिमिटेडको लघुवित्त विभागिय प्रमुखको रुपमा २ वर्ष कार्य गरेको अनुभव ।<br>• सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेडमा लघुवित्त विभागिय प्रमुखको रुपमा ३ वर्ष ५ महिना कार्य गरेको अनुभव ।<br>• कालिका माईक्रोक्रेडिट डेभलपमेन्ट बैंक लिमिटेडमा प्रवन्धक तथा निमित्त प्रमुख कार्यकारी अधिकृतको रुपमा ३ वर्ष कार्य<br>• गरेको अनुभव ।<br>चौतारी लघुवित्त वित्तीय संस्था लिमिटेडमा प्रबन्धक तथा सहायक महाप्रबन्धकको रुपमा मिति २०७३/०४/०२ गतेदेखि मिति<br>• २०७४/०१/०९ गतेसम्म कार्य गरेको अनुभव ।<br>मिति २०७४/०१/१० देखि यस जनसेवी लघुवित्त वित्तीय संस्था लिमिटेडमा प्रमुख कार्यकारी अधिकृतको रुपमा कार्यरत । | - |
इ. वित्तीय संस्थाको प्रवन्ध-पत्र तथा नियमावलीमा उल्लेख गरिएका उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि आवश्यक पर्ने पूँजी संकलन गर्न।

**ख) धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग :**

**(क) निष्काशनबाट प्राप्त हुने कूल रकमलाई प्रयोग गर्ने क्षेत्र सम्बन्धी विवरण :**

निष्काशनबाट प्राप्त हुने कुल रकम तल उल्लेखित विभिन्न क्षेत्रहरुमा प्रयोग हुनेछ :

| क्र.सं. | विवरण | रकम रु. |
|---|---|---|
| १. | पशुपालन तथा कृषि कर्जा | रु. २,१५००,०००/- |
| २. | खुद्रा व्यापार र सेवा कर्जा | रु. १,६५,००,०००/- |
| ३. | साना तथा घरेलु उद्योग कर्जा | रु. ८,३३०,०००/- |
| **जम्मा** | | **रु. ४,६३,३०,०००/-** |

**(ख) सार्वजनिक निष्काशन गरिने धितोपत्र पूर्ण रुपमा बिक्री नभएमा सार्वजनिक निष्काशनको उद्देश्य प्राप्ति गर्नको लागि अपनाइने वैकल्पिक व्यवस्थाः**

विगतमा अन्य बैंक तथा वित्तीय संस्थाहरुले सर्वसाधारणमा शेयर निष्काशन गर्दा निष्काशित शेयरहरु भन्दा अधिक मात्रामा आवेदन प्राप्त हुने गरेको देखिएकोले यस वित्तीय संस्थाको निष्काशित शेयरहरु पनि पूर्ण रुपमा बिक्री हुने वित्तीय संस्थाको धारणा रहेको छ। कुनै कारणवश पूर्णरुपमा बिक्री नभएमा, श्री प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाडौंले निष्काशन रकमको शत्प्रतिशत आफैंले खरीद गर्ने प्रत्याभूतिमा सम्झौता गरिएको छ।

**(ग) आयोजनाको सञ्चालन स्थान, आयोजना चरणबद्ध रुपमा कार्यान्वयन गरिने भए प्रत्येक चरणमा लाग्ने खर्च, कुनै चरण समाप्त भैसकेको भए सो सम्बन्धी विवरणः**

सो नभएको।

**(घ) आयोजना सम्पन्न हुने, परिक्षण उत्पादन शुरु हुने र पूर्ण व्यवसायिक उत्पादन शुरु हुने अनुमानित मितिः**

सो नभएको।

**(ङ) संगठित संस्थाले कुनै उपकरण खरीद गरेको वा गर्न लागेको भए उक्त उपकरणको मूल्य वा प्रस्तावित मूल्य, सप्लायर्सको नाम र सप्लायर्ससँग सम्झौता भएको भए सो को मूख्य मूख्य बुँदाहरुः**

सो नभएको।

**(च) कुनै पार्टीसँग प्रतिलिपी अधिकार, ट्रेडमार्क, इजाजतपत्र, रोयल्टी, सहकार्य सम्बन्धमा वा वित्तीय वा प्राविधिक सम्झौता गरिएको भए सो को प्रमुख शर्तहरु र पार्टीको नाम, ठेगाना सम्बन्धी विस्तृत विवरणः**

सो नभएको।

**(छ) उत्पादन सम्बन्धी आयोजना भए, सो को प्रकृति, प्रयोगकर्ता, प्रतिस्पर्धा, लक्षित समूह, उत्पादन क्षमता, विगत वर्षहरुको क्षमता उपभोग वा भविष्यमा गरिने क्षमता उपभोग सम्बन्धी विवरणः** सो नभएको।

**(ज) आयोजनाको लागि आवश्यक कच्चा पदार्थको उपलब्धता र त्यसको श्रोतः**

सो नभएको।

**(झ) आयोजनाको लागि आवश्यक हुने विद्युत, पानी, ग्यासको मात्रा र त्यसको श्रोतः**

सो नभएको ।

**(ञ) सार्वजनिक निष्काशनका लागि गरिने खर्च प्रमुख रुपमा देहायमा उल्लेखित पक्षहरुलाई दिने शुल्क सम्बन्धी विवरणः**

**(अ) निष्काशन तथा बिक्री प्रवन्धकः**

यस विवरणपत्र मार्फत सार्वजनिक रुपले सर्वसाधारणमा बिक्री गरिने साधारण शेयरको निष्काशन तथा बिक्री प्रवन्धक सम्बन्धी कार्यका लागि नियुक्त एनएमबि क्यापिटल लिमिटेड काठमाडौंलाई उक्त सेवा प्रदान गरे वापत एकमुष्ठ रु. १,००,०००/- सेवा शुल्कको रुपमा दिइनेछ ।

**(आ) ट्रष्टि (डिवेन्चरनिष्काशनको हकमा)** : सो नभएको ।

**(इ) प्रत्याभूतिकर्ता** :

श्री प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाडौंलाई प्रत्याभुति सेवा प्रदान गरे वापत रु. १,००,०००/- कमिशनको रुपमा दिइने छ ।

**(ई) विज्ञहरु** : सो नभएको ।

**(उ) लेखापरिक्षकः**

वित्तीय संस्थाले प्रक्षेपित वित्तीय विवरणहरुको पुनरावलोकन गरी प्रमाणित गर्न लेखापरीक्षक नेपाल एसोसिएट्का चार्टड एकाउण्टेण्ट श्री रमेश नेपालले प्रमाणित गर्नुभएको छ ।

**(ऊ) अन्य (जस्तै : संकलन केन्द्र, निष्काशन बैंक आदि)** :

नेपाल धितोपत्र बोर्डबाट मिति २०७४ साल फाल्गुण ११ गतेदेखि सि-आस्बा प्रणाली कार्यान्वयन भईसकेको सन्दर्भमा सि-आस्बाको सदस्यता लिएका बैंक तथा वित्तीय संस्था र तिनका तोकिएका शाखा कार्यालयहरु यस निष्काशनकालागि संकलन केन्द्रको रुपमा रहनेछन् । सि- आस्बा सदस्य बैंक तथा वित्तीय संस्थाहरुलाई कुनै शुल्क कमिशन भुक्तान गर्नुनपर्ने र निजहरुले नेपाल धितोपत्र बोर्डले तोके बमोजिमको शुल्क निष्काशन तथा बिक्री प्रवन्धकलाई भुक्तान गर्नेछन् । सि-आस्बा प्रणाली कार्यान्वयन भएको सन्दर्भमा निष्काशन बैंकको आवश्यकता नहुने भएता पनि आवश्यकता अनुसार निष्काशन बैंक खोल्न सकिनेछ र सो को जानकारी नेपाल धितोपत्र बोर्डलाई अग्रिम रुपमा गराईने छ ।

**ग) सार्वजनिक निष्काशनबाट प्राप्त रकमलाई आयोजनामा प्रयोग गर्न पूर्व अन्य कुनै व्यवस्था गर्न लागिएको छ भने तत्सम्बन्धी विवरणः**

सो नभएको ।

**घ) प्रिमियममा धितोपत्र जारी गर्ने भएमा** :

प्रिमियम थप नगरिएको ।

**ङ) धितोपत्रको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरण** :

**(क) अत्यधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रक्रिया** :

यस विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर खरीदको लागि अत्यधिक माग भई प्राप्त भएका आवेदनहरुलाई धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको प्रावधान अनुसार आवेदकहरुमा धितोपत्र बाँडफाँड गरिनेछ । यदि निष्काशन गरिएको शेयरको संख्या भन्दा कम शेयर खरीदकालागि दरखास्त प्राप्त हुन आएमा रीतपूर्वक प्राप्त भएको सम्पूर्ण शेयर आवेदकहरुमा बाँडफाँट गरी बाँकी भएको शेयर कित्ता प्रत्याभूतीकर्ताले प्रत्याभूती सम्झौतामा भएको व्यवस्था अनुसार खरीद गर्नेछ ।

**(ख) अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्वन्धी व्यवस्था** :

शेयर विक्री बन्द भएको मितिले नेपाल धितोपत्र बोर्डले तोकेको समयावधिभित्र शेयर बाँडफाँड गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा उल्लेख गरी धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ को अनुसूचि ७ बमोजिमको विवरण सम्बन्धित आस्बा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरुलाई उपलब्ध गराईने छ र सोही विवरणका अनुरुप आस्बा सदस्य बैंक तथा वित्तीय संस्थाहरुले बाँडफाँडमा नपरेको शेयर वापतको रकम सम्बन्धित आवेदकहरुको रोक्का रहेको बैंक खाता फुकुवा गरी फिर्ता गरिदिनेछ ।

**(ग) निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने व्याजदर** :

धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ पूर्ण रुपमा लागु भईसकेको सन्दर्भमा सो व्यवस्था लागु नहुने ।

**(घ) धितोपत्र बाँडफाँड तथा प्रमाणपत्र जारी सम्वन्धी प्रकृया र समयावधि** :

निष्काशन गरिने साधारण शेयरहरु प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका २०७४, सम्बन्धी व्यवस्था

अनुसार साधारण शेयरको निर्धारित समय भित्र बाँडफाँड गरी नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा सूचिकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा दर्ता गरिनेछ । हितग्राही खाता अनिवार्य भएको सन्दर्भमा शेयरको प्रमाणपत्र छपाई गरिने छैन र शेयरको सूचिकरण भए पश्चात बाँडफाँडमा परेका आवेदकहरुले आवेदन फाराममा उपलब्ध गराएको हितग्राही खातामा बाँडफाँटमा परेको शेयर वितरण/जम्मा गर्ने व्यवस्था मिलाईनेछ ।

**(ङ) धितोपत्र सूचीकरण भैसकेको भए, त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्रको कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्वन्धी विवरण :**

नभएको ।

**(च) धितोपत्र सूचीकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन नियम अनुसार सहज खरीद, बिक्री वा विनिमय हुन सक्ने गराउनका लागि गरिने व्यवस्था सम्वन्धी विवरण :**

सार्वजनिक निष्काशन गरिने साधारण शेयर प्रचलित शेयर निष्काशन तथा बाँडफाँड सम्बन्धी व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँड गरे पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेड तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा प्रचलित व्यवस्था अनुसार सूचिकरण तथा दर्ता गराई शेयर खरीद बिक्री तथा राफसाफको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

**च) प्रत्याभूति सम्बन्धी विवरणः**

**(क) धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम**

यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको धितोपत्रको १०० प्रतिशत हुन आउने ४,६३,३०० कित्ता साधारण शेयरको लागि रु. ४,६३,३०,०००/- रकम बराबरको प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाण्डौंद्वारा प्रत्याभूति सेवा प्रदान गरिएको छ ।

**(ख) धितोपत्र प्रत्याभूतिकर्तासँग गरिएको सम्झौताको मुख्य मुख्य बूँदाहरु**

यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको धितोपत्रको प्रत्याभूतिकर्तासँग मुख्य बुँदाहरु देहाय बमोजिम रहेको छ ।

१. प्रत्याभूतिकर्ताले ४,६३,३०० कित्ता शेयरहरुको लागि प्रत्याभूतिसेवा प्रदान गरेको छ ।
२. प्रत्याभूतिकर्तालाई प्रत्याभूति सेवा प्रदान गरे वापत वित्तीय संस्थाले रु १,००,०००/- कमिशनको रुपमा दिनेछ ।
३. यस विवरणपत्र अनुसार जारी गरिने साधारण शेयरहरुमा प्रत्याभूतिकर्ताको दायित्व प्रत्याभूतित गरिएको शेयर कित्तामा मात्र सीमित हुनेछ ।
४. यस विवरणपत्र अनुसार जारी गरिने साधारण शेयरहरु पूर्ण रुपमा बिक्री नभएमा माथि उल्लेखित प्रत्याभूतित कित्ता शेयरहरुमा सीमित हुने गरी प्रत्याभूतिकर्ताले खरीद गर्ने सहमती जनाएको छ ।
५. यस सम्झौतापत्रको अवधि प्रत्याभूतिकर्ताको दायित्व समाप्त नभएसम्म हुनेछ ।
६. यस विवरणपत्र अनुसार जारी गरिने साधारण शेयरहरु पूर्ण रुपमा बिक्री भएको जानकारी प्राप्त पश्चात सम्झौता पत्र स्वतः खारेज हुनेछ ।
७. उक्त अवधिमा कुनै विवाद उत्पन्न भएमा आपसी सम्झदारीमा समाधान गरिनेछ तर सम्झदारीमा आउन नसक्ने अवस्थामा मध्यस्थकर्ताको सहभागितामा समाधान गरिने छ ।

**छ. आवेदन दिंदा ध्यान दिनुपर्ने कुराहरुः**

**(क) धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्वन्धी विवरण**

धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्न प्रकृया तथा धितोपत्र खारेजी आदि सम्बन्धी व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ/गरिनेछ । साथै, लाभांश, हकप्रद शेयर आदि सम्बन्धी विवरणवित्तीय संस्थाले नियमित रुपमा आर्जन गर्ने मुनाफा, तथा वित्तीय संस्थाको पूँजी योजना अनुसार प्रचलित कानून बमोजिम गरिनेछ ।

**(ख) नियमावली, प्रवन्धपत्र प्राप्त गर्ने वा हेर्न सकिने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सकिने हो सो सम्बन्धी विवरण**

१. वित्तीय संस्थाको प्रवन्ध–पत्र तथा नियमावली वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय पर्वत जिल्ला कुस्मा नगरपालिका वडा नं ५, कुस्मा बजारमा र यस निष्काशन कार्यका लागि नियुक्त धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक श्री एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाण्डौंमा कार्यालय समयभित्र सम्पर्क राखी प्राप्त गर्न सकिने छ ।

२. प्रत्येक आवेदकले कम्तीमा १० (दश) कित्ता शेयर खरीदका लागि आवेदन दिनुपर्नेछ । १० (दश) कित्ताभन्दा बढी शेयरका लागि आवेदन दिंदा १० (दश) अङ्कको गुणन संख्यामा अधिकतम १,००० कित्ता बराबरको रु. एक लाख सम्मको अधिकतम शेयरका लागि आवेदन दिन सक्नेछन् ।

**(ग) आवेदन दिंदा पालन गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय पत्र र सम्वन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोवार गरिनुपर्ने जस्ता पक्षहरु**

१. कुनै पनि नेपाली नागरिकले यस विवरणपत्र अनुसार जारी गरिने शेयर खरीद गर्न आवेदन दिन सक्नेछन् ।

२. आवेदकले सि-आस्वा प्रणालीबाट आफ्नो खाता रहेको बैंक तथा वित्तीय संस्था मार्फत मात्र आवेदन दिनुपर्नेछ ।

३. आवेदकले आवेदन दिनुपूर्व आफ्नो खाता रहेको सम्बन्धित बैंक तथा वित्तीय संस्थामा गई धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतिय सेवा कार्य सञ्चालन निर्देशिका, २०७४ को अनुसूचि ४ बमोजिमको सि-आस्बा रजिष्ट्रेशन फारम भरी CRN नं. लिनुपर्नेछ ।

४. आवेदकको बैंक खातामा भएको विवरण र अनुसूचि ४ मा उल्लेख गरेको विवरण मिल्नुपर्नेछ ।

५. आवेदकले CRN नं. प्राप्त गरेपश्चात् शेयर खरीदकालागि तोकिएको ढाँचामा सम्बन्धित बैंक तथा वित्तीय संस्थामा धितोपत्र खरीदकालागि आवेदन दिनुपर्नेछ ।

६. आवेदकले आवेदन फारममा उल्लेख गरेको हितग्राही परिचय नं. र अन्य विवरण सि-आस्बा सफ्टवेयरमा रहेको आवेदकको हितग्राही खाता र अन्य विववरण संग रुजु हुनुपर्नेछ ।

७. आवेदकले आवेदन फारम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्टसंग आवेदन फारम भरी बुझाउनु पर्नेछ :

क. धितोपत्र निष्कासनकर्ता कम्पनीको नाम ।

ख. आवेदकको नाम, थर, ठेगाना, नागरिकता नं., दस्तखत, सम्पर्क फोन नं., इमेल ठेगाना ।

ग. नावालक र विक्षिप्त व्यक्तिको हकमा संरक्षकको नाम, थर र नाता ।

घ. खरिद गर्न चाहेको धितोपत्रको संख्या (अंक र अक्षरमा) ।

ङ. खरिद गर्न चाहेको धितोपत्र वापतको रकम (अंक र अक्षरमा) ।

च. आवेदकको खाता रहेको बैंकको नाम, ठेगाना, खाता नं. र खाताको किसिम ।

छ. आवेदकको हितग्राही (डिम्याट) खाता नम्बर ।

८. आवेदकहरुले आवेदन दिंदा सि-आस्वा सदस्य बैंकहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय (Dormant) रहेको हुनुहुँदैन ।

९. आवेदन दिएको रकम बराबरको रकम खातामा हुनु पर्नेछ ।

१०. एक व्यक्तिले आफूले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिने पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ ।

११. धितोपत्र खरीदको लागि दरखास्त दिँदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरीद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा  निष्काशन तथा विक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई आदेश बमोजिम गर्नेछ ।

१२. धितोपत्र बाँडफाँट गर्नुपूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा विक्री प्रबन्धकलाई दिनुपर्नेछ ।

१३. सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराईएको "मेरो शेयर" सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन् । त्यसकालागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनुपर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नं. लिईसकेको हुनुपर्नेछ ।

१४. शेयरको बाँडफाँड गरी सूचिकरण भए पश्चात बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँडमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिने छ ।

१५. यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयरकालागि न्यूनतम १० कित्ता तथा सो भन्दा बढीकालागि १० अंकले भाग जाने संख्यामा अधिकतम १,००० कित्ता सम्मकालागि आवेदन दिन सकिनेछ ।

**११. सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण:**

निष्काशनकर्ता संगठित संस्था र निम्न लिखित पक्ष बीच विगत २ बर्षको अवधिमा कुनै प्रकारको बस्तुगत कारोवार भएको वा कुनै कारोवार गर्न प्रस्ताव गरिएको भए कारोवारमा संलग्न व्यक्तिहरुको नाम, तिनीहरुको संगठित संस्थास( ँगको सम्बन्ध, कारोबारको प्रकृति र रकम :

(क) संगठित संस्थाको कार्यकारी अधिकृत वा सञ्चालकको रुपमा रहेको व्यक्तिः सो नभएको ।

(ख) आधारभूत शेयरधनीः सो नभएको ।

(ग) खण्ड (क) र (ख) मा उल्लेखित कुनै व्यक्तिको एकाघर परिवारको सदस्य : सो नभएको ।

(घ) संगठित संस्थाको कार्यकारी अधिकृत वा सञ्चालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था : सो नभएको ।

(ङ) संगठित संस्थाको वा त्यसको सहायक कम्पनीले हालको सञ्चालक वा निजको एकाघर परिवारको सदस्यका लागि कुनै कारोबार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा ३ वर्ष अगाडिको अवधिमा वित्तीय संस्थाको सञ्चालक वा सञ्चालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको भए सो कुराः सो नभएको ।

(च) कुनै सञ्चालक वा सञ्चालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण सम्बन्धी विस्तृत विवरण जस्तै ऋण वापत लिएको रकम, ऋणको व्याजदर, ऋण लिएको मिति, ऋण भुक्तानी अवधि आदिको विवरणः सो नभएको ।

**१२. विदेशी लगानी र व्यवस्थापन सम्बन्धी विवरण :**

सो नभएको ।

**१३. सूचीकृत संगठित संस्थाले सार्वजनिक निष्काशन गर्ने भएमा सो सम्बन्धी विवरण :**

**(क) संगठित संस्थाको विगत ३ आर्थिक वर्षको प्रत्येक त्रैमासिक अवधिको उच्चतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको शेयर संख्याः**

सो नभएको ।

**(ख) बोर्डमा विवरणपत्र दर्ताको लागि प्रस्तुत गर्नुभन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्यून र अन्तिम मूल्यका साथै प्रत्येक महिनामा कारोबार भएको कुल दिन र कुल कारोबार भएको धितोपत्रको संख्याः**

सो नभएको ।

**१४. पछिल्लो सार्वजनिक निष्काशनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरणः**

सो नभएको ।

**१५. परामर्शदाता/विशेषज्ञ सम्बन्धी विवरणः**

**(क) लेखापरीक्षक/ प्रमुख बैंक, निष्काशन कार्य सँग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगाना**

- **लेखापरीक्षक :**

  वित्तीय संस्थाको आ.व. २०७४/०७५ को आम्दानी खर्च हिसाब तथा वासलातको लेखापरीक्षण एस देवकोटा एण्ड कम्पनीका चार्टर्ड एकाउटेण्ट श्री सुनिल देवकोटाले गर्नुभएको छ ।

- **निष्काशन बैंक (Bankers to the Issue):**

  धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ लागु भईसकेको सन्दर्भमा सो व्यवस्था लागु नहुने ।

  **वित्तीय प्रक्षेपणको विवरण तयार पार्ने विज्ञः**

  यस विवरणपत्रमा उल्लेख गरिएको वित्तीय प्रक्षेपणको विवरणतयार पार्ने विज्ञमा वित्तीय संस्था आफै रहेको छ ।

- **वित्तीय प्रक्षेपणको अनुमान तथा आधारहरु पुनरावलोकन गरी विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञः**

  यस विवरणपत्रमा उल्लेख गरिए बमोजिम तयार गरिएको वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु पुनर ावलोकन गरी सो आधारमा तयार गरिएका वित्तीय प्रक्षेपणका विवरण यथार्थपरक रहेको भनी प्रमाणित गर्ने विशेषज्ञमा नेपाल एसोसियट्सका चार्टर्ड एकाउण्टेण्ट श्री रमेश नेपालज्यू रहनु भएको छ ।

(ख) माथि खण्ड (क)मा उल्लेखित संस्था वा व्यक्तिसँग भएको सहमतिका मुख्य मुख्य बूँदा तथा शर्तहरुः

- **लेखापरीक्षक :** सो नभएको ।
- **निष्काशन बैंक (Bankers to the Issue) :**

  धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ पूर्ण रुपमा लागु भईसकेको सन्दर्भमा सो व्यवस्था लागु नहुने ।

**१६. आयोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्काशन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरणः**

सो नभएको ।

**१७. मुद्दा तथा विवाद सम्बन्धी विवरण :**

**(क) संगठित संस्थाको तरलता, मौज्दात, कार्य संचालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दामामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा व्यवस्थापनको धारणाः**

सो नभएको ।

**(ख) संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/सञ्चालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरणः**

सो नभएको ।

**(ग) विगत पाँच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/सञ्चालक कालोसूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो संस्थापक/सञ्चालकको नाम र सजाय गर्ने नियमन निकाय वा अदालतको नाम सम्बन्धी विवरणः**

सो नभएको ।

**(घ) संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरणः**

सो नभएको ।

**१८. गुनासो सुन्ने र समाधान गर्ने प्रकृयाः**

निष्काशित धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौंमा एउटा छुट्टै कक्षको व्यवस्था गरिएको छ । कुनैपनि लगानीकर्ताले यस निष्काशनसंग सम्बन्धित विषयमा कुनै गुनासो वा सुझावका लागि सम्पर्क अधिकृत स्मृति महर्जनलाई निजकै कार्यकक्षमा वा निजलाई कार्यालय समयभित्र ०१-४४३७९६३ (एक्स. ११४) मा सम्पर्क गर्न सकिनेछ ।

**१९. नगद नलिई कसैलाई धितोपत्र निष्काशन गरिएको छ भने त्यस्तो व्यक्ति वा समूहको नाम, खरीद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्काशन गरिएको धितोपत्रको संख्या र दर सम्बन्धी विवरणः**

सो नभएको ।

**२०. ऋणपत्र निष्काशन सम्बन्धी विवरणः**

हालसम्म वित्तीय संस्थाले ऋणपत्र निष्काशन गरेको छैन र यस निष्काशन साधारण शेयरको सर्वसाधारणमा निष्काशन मात्र हो ।

**२१. अग्राधिकार शेयर निष्काशन सम्बन्धी विवरणः**

अग्राधिकार शेयर जारी गरिएको छैन ।

**२२. अन्य सामान्य जानकारी :**

**(क) विशेषज्ञको कुनै राय भएमा, सो को विवरणः**

प्रक्षेपित वित्तीय विवरण ठीक छ भनि नेपाल एसोसियट्स चार्टर्ड एकाउटेन्ट्सका सि.ए. रमेश नेपालले प्रमाणित गर्नुभएको छ र सो को राय तल उल्लेख भए बमोजिम रहेको छ :

- यस वित्तीय प्रक्षेपण तथा वित्तीय प्रक्षेपणका आधारहरु कम्पनी स्वयंले तयार गरिएको हो । आ.व. २०७५/७६ देखि २०७७/७८ सम्मको प्रक्षेपित वित्तीय विवरणहरु वास्तविक आँकडा तथा आउँदो वर्षको संचालन योजनाको आधारमा कम्पनीको व्यवस्थापनले तयार पारेको र यसका लागि कम्पनीको व्यवस्थापन स्वयं नै उत्तरदायी हुनेछ ।
- व्यवस्थापनले प्रक्षेपित वित्तीय विवरण तयार गर्नुको उद्देश्य सर्वसाधारणहरुको लागि शेयर निष्काशन गर्नु हो र यसमा लेखा परिक्षकले, प्रस्तुत गरिएको प्रक्षेपित वित्तीय विवरण पुनरावलोकन गरी सो को प्रमाणिकरण मात्र गरिएको छ ।
- प्रक्षेपित वित्तीय विवरणहरु भविष्यमा घट्न सक्ने घटनाहरु र व्यवस्थापनका कार्यहरुको बारेमा परिकल्पनीय धारणाहरु (hypothetical assumptions) को आधारमा तयार गरिएको छ र जुन भविष्यमा घटित हुन आवश्यक हुने छैन । कथंकदाचित काबु बाहिरको परिस्थिती तथा घटनाहरु भएमा यस प्रक्षेपित वित्तीय विवरणमा उल्लेख गरिएको वित्तीय विवरण र वास्तविक वित्तीय विवरणमा फरक पर्न सक्नेछ ।
- वित्तीय प्रक्षेपणहरु कम्पनीको विगतको कार्यकुशलताको आधारमा यर्थाथपरक धारणाको आधारमा तयार गरी बैक तथा वित्तीय संस्थालाई लागू हुने लेखा निती अनुसार प्रस्तुत गरिएको छ ।

**(ख) गत तीन आर्थिक वर्ष भित्रमा कुनै सञ्चालक, लेखापरीक्षक परिवर्तन भएको भए, सो को कारणः**

| क्र. सं. | सञ्चालकको नाम | आर्थिक वर्ष | हटेको/नयाँ नियुक्ति | | परिवर्तनको कारण |
|---|---|---|---|---|---|
| १. | श्री दिनेश अधिकारी | २०७४।०७५ | हटेको | • | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन अनुसार सञ्चालकको संख्या ७ (सात) जना कायम गर्नुपर्ने भएकोले । |
| २. | श्री सीता न्यौपाने | २०७४।०७५ | हटेको | • | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन अनुसार सञ्चालकको संख्या ७ (सात) जना कायम गर्नुपर्ने भएकोले । |
| गत तीन आर्थिक वर्षमा लेखापरीक्षकमा भएको परिवर्तन र सोका कारणहरु | | | | | |
| **क्र. सं.** | **लेखापरिक्षकको नाम** | **आर्थिक वर्ष** | **हटेको/नयाँ नियुक्ति** | | **परिवर्तनको कारण** |
| १. | एस देवकोटा एण्ड कम्पनी | २०७५।०७६ | हटेको | | कार्यकाल समाप्त भएको । |
| २. | नेपाल एसोसिएट्स चार्टर्ड एकाउन्टेन्ट्स | २०७५/०७६ | नयाँ नियुक्त | | तेस्रो साधारण सभाबाट नियुक्त । |

**(ग) कम्पनी सचिवको नाम, ठेगाना र योग्यताः**

वालिङ् -५, मिर्दी स्याङ्जामा स्थायी बसोबास रहनु भई स्नातकोत्तर सम्मको शैक्षिक योग्यता हासिल गर्नुभएका यस वित्तीय संस्थाका नायब प्रमुख कार्यकारी अधिकृत श्री फणिन्द्र पाण्डेलाई यस वित्तीय संस्थाको कम्पनी सचिवको जिम्मेवारी प्रदान गरिएको छ ।

**(घ) सार्वजनिक निष्काशन गर्नका लागि सञ्चालक समितिबाट भएको निर्णय सम्बन्धी विवरणः**

वित्तीय संस्थाको मिति २०७४/०७/११ गते बसेको सञ्चालक समितिको ६५औं बैठकबाट सर्वसाधारणको लागि छुट्टाइएको रु. ४ करोड २० लाख रकम बराबरको सर्वसाधारणमा शेयर निष्काशन गर्नका लागि एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौंलाई धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक नियुक्त गर्ने निर्णय भएकोमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ मा भएको व्यवस्था बमोजिम विद्यमान पूँजी संरचनालाई संशोधन गरी वित्तीय संस्थाको मिति २०७५/०८/१५ मा सम्पन्न तेश्रो वार्षिक साधारण सभाबाट समेत पारित भई वित्तीय संस्थाको मिति २०७५/०९/१५ गते बसेको संचालक समितिको ८२ औं बैठकबाट सर्वसाधारणलाई छुट्याइएको रु. ४ करोड ६३ लाख ३० हजार रकम बराबरको ४,६३,३०० कित्ता साधारण शेयर सर्वसाधारणहरुमा निष्काशन गर्नका लागि एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौंलाई धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक नियुक्त गर्ने निर्णय भएको छ ।

**(ङ) संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष कर सुविधा दिइएको भए, सो सम्बन्धी विवरणः** सो नभएको ।

**(च) संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समयः**

कार्यालय समयभित्र निम्नलिखित स्थानहरुमा कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिनेछ ।

१. वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय कार्यालय) पर्वत जिल्ला, कुस्मा नगरपालिका वडा नं ५, वडागाउँ कुस्माबजार र शाखा कार्यालयहरु ।

२. धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक- एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौं ।

**(छ) बोनस शेयर सम्बन्धी व्यवस्था :**

हालसम्म बोनस शेयर जारी गरिएको छैन । भविष्यमा प्रचलित ऐन र नेपाल धितोपत्र बोर्डको प्रचलित बोनस शेयर निष्काशन सम्बन्धी व्यवस्था अनुसार बोनस शेयर जारी गर्न सक्नेछ ।

**(ज) शेयरवाला, कर्मचारी वा अरु कसैको लागि शेयर सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुरा :**

यस विवरणपत्रद्वारा निष्काशन गरिएको प्रति साधारण शेयर रु. १००।– अङ्कित मूल्य (Par Value) को कुल ४,६३,३०० कित्ता साधारण शेयर मध्ये जारी पूँजीको ०.५ प्रतिशत अर्थात ७,१४५ कित्ता साधारण शेयरहरु वित्तीय संस्थाको सेवामा रहेका कर्मचारीहरुका लागि छुट्याएर सुरक्षित राखिएको छ र सर्वसाधारणलाई छुट्याएको शेयर मध्येको ५% अर्थात २३,१६५ कित्ता साधारण शेयरहरु सामूहिक लगानी कोषको निम्ति छुट्याएर सुरक्षित राखिएको छ । कर्मचारीहरुको लागि यसरी छुट्याइएको शेयर कर्मचारीबाट माग भई आएको हकमा सञ्चालक समितिले

औचित्यपूर्ण तवरबाट बाँडफाँड गर्नेछ र कर्मचारीबाट तथा सामूहिक लगानी कोष योजनाहरुबाट सम्पूर्ण शेयरका लागिमाग भई नआएको अवस्थामा बाँकी शेयरहरु सर्वसाधारणमा थप गरी बाँडफाँड गरिनेछ ।

**(झ)वित्तीय संस्थाले कम्पनी ऐनले गरेको व्यवस्थाहरु, आफ्नो कारोबारसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था पूर्ण पालना गरेको सम्बन्धमा गरेको उद्घोषण :**

वित्तीय संस्थाले कम्पनी ऐन, (पहिलो संशोधन) २०७४ ले गरेको व्यवस्थाहरु, आफूले गर्ने व्यवसायसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था तथा नियमन निकायहरुले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरेको छ र सोही निर्देशनहरुको दायरा भित्र रही कार्य गरिरहेको र यस विवरणपत्रमा उल्लेख गरिएको विवरणहरु समेत सोही अनुरुप तयार गरिएको हो भन्ने वित्तीय संस्थाको उद्घोषण रहेको छ ।

**(ञ) धितोपत्र बिक्री वितरण सम्बन्धी व्यवस्था :**

यस विवरणपत्र मार्फत निष्काशित साधारण शेयर बिक्री वितरणका लागि नेपाल धितोपत्र बोर्डबाट आस्वा सदस्य प्राप्त बैंक तथा वित्तीय संस्थाहरुका देशभरी फैलिएर रहेका तोकिएका शाखाहरु मार्फत आवेदन दिनसक्ने व्यवस्था रहेको छ ।

**(ट) विवरणपत्र तयार गर्ने व्यवसायीक संस्थाको नाम र ठेगाना सम्बन्धी विवरण :**

यस विवरणपत्र तयार पार्ने व्यावसायिक संस्थामा निष्काशन तथा बिक्री प्रवन्धक- एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौं रहेको छ ।

**(ठ) सकारात्मक पक्षहरु :**

- बैंकिङ्ग तथा लघु वित्तीय क्षेत्रमा अनुभवी तथा दक्ष व्यवस्थापकहरुद्वारा संचालित ।
- स्थापनाको छोटो समयमै ग्राहक सुहाउँदो आकर्षक सेवा तथा कार्यक्रम साथै वित्तीय संस्थाको परिकल्पना अनुरुप स्थानीय स्तरमा सरल, सुलभ र सहज ढंगले आधुनिक तथा प्रविधियुक्त बैंकिङ्ग प्रणालीको विकास गर्न सकेको ।
- आर्थिक, राजनीतिक र प्रतिष्पर्धि बैंकिङ्ग व्यवसाय सुहाउँदो रणनीति अवलम्वन गरी व्यवसाय विस्तार गर्न सफल रहेको ।

**(ड) शेयर रजिष्ट्रार सम्बन्धी व्यवस्था :**

नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकरण गरे पश्चात् शेयरको दाखिल खारेज, दस्तखत रुजु आदि सम्बन्धी कार्य यस वित्तीय संस्थाको कार्यालयबाट वा वित्तीय संस्थाको सञ्चालक समितिले तोके बमोजिम शेयर रजिष्ट्रारको कार्यालयबाट हुने गरी व्यवस्था गरिनेछ ।

**(ढ) धितोपत्र बिक्री खुल्ला अवधि :**

यस विवरणपत्रद्वारा सार्वजनिक निष्काशन मार्फत् सर्वसाधारणहरुमा जारी गरिने शेयरहरुको लागि आवेदन दिने अवधि बिक्री खुल्ला भएको मितिबाट कम्तीमा ४ दिन र बढिमा ३० दिन सम्म खुल्ला रहनेछ ।

**(ण)क्रेडिट रेटिङ्ग सम्बन्धी ब्यबस्था :**

यस विवरणपत्र अनुसार सर्वसाधारणहरुमा निष्काशन गरिने साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको ब्यबस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लि., डिल्लीबजार, काठमाण्डौंबाट मिति २०७५/०९/२३ गते यस निष्काशनलाई "ईक्रा एनपि आईपिओ ग्रेड ४" प्राप्त भएको छ । "ईक्रा एनपि आईपिओ ग्रेड ४" (ICRA NP IPO Grade 4) ले औषत भन्दा तल आधारहरु (Below Average Fundamentals) जनाउँदछ । इक्रा नेपालले १ देखि ५ प्वाइन्ट ग्रेडिङ्ग प्रदान गर्दछ । जसमा ग्रेड १ ले बलिया आधार जनाउँछ भने ग्रेड ५ ले कमजोर आधारहरु जनाउँछ । ग्रेड २, ३ र ४ मा प्रयोग गरिने (Plus) चिन्हले यस समूहका तुलनात्मक सकारात्मक स्थितिलाई जनाउँछ । क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण यस विवरणपत्रको अनुसूचीमा संलग्न गरिएको छ ।

**२३. संचालक तथा विज्ञहरुको नाम तथा दस्तखतः**

यस विवरणपत्रमा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन, सो मा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्णरुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने वित्तीय संस्थाको सञ्चालकहरुको नाम तथा दस्तखत :

| क्र.सं. | सञ्चालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री विकास गौचन (संस्थापक समूह) | अध्यक्ष | |
| २. | श्री पद्मराज रेग्मी (संस्थापक समूह) | सञ्चालक | |
| ३. | श्री कुल प्रसाद गुरुङ्ग (संस्थापक समूह) | सञ्चालक | |
| ४ | श्री मेघनाथ सुवेदी (संस्थापक समूह) | सञ्चालक | |
| ५ | श्री नेत्र प्रसाद पराजुली (संस्थापक समूह) | सञ्चालक | |
| ६. | श्री शान्ता कुमारी पोखरेल उप्रेती (संस्थापक समूह) | सञ्चालक | |

**२४. निष्काशन तथा बिक्री प्रवन्धकले प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट) को प्रतिः**

सो संलग्न गरिएको ।

**२५. विवरणपत्र, वित्तीय विवरण तथा अन्य कुनै कुरामा विज्ञले राय दिएको भए सो सम्बन्धी पत्रः**

सो संलग्न गरिएको ।

Ref No: ICRAN/075/076/GRA/13

Date: January 07, 2019

Mr. Kamal Bahadur Khatri
Chief Executive Officer
Janaswei Laghubitta Bittiya Sanstha Limited
Kushma, Parbat, Nepal

Dear Sir,

Re: **ICRA Nepal Grading of IPO Issue of 463,300[1] nos. Equity Shares to be issued by Janaswei Laghubitta Bittiya Sanstha Limited to the Public ("Initial Public Offer")**

Please refer to your mandate letter dated 2nd January 2019 for grading the enhanced Initial Public Offer of Janaswei Laghubitta Bittiya Sanstha Limited. The Rating Committee of ICRA Nepal, after due consideration, has assigned the **"[ICRANP] IPO Grade 4"[2]** (pronounced ICRA NP IPO Grade Four) grading to the captioned Initial Public Offer programme. This grading indicates below average fundamentals.

In any of your publicity material or other document wherever you are using the above grading, it should be stated as "[ICRANP] IPO Grade 4". We would appreciate if you can sign on the duplicate copy of this letter and send it to us within 15 days from the date of this letter as a token of your confirmation about the use of this letter. The rationale for assigning the above grading has been enclosed with this letter.

This grading is specific to the terms and conditions of the proposed IPO issue as was indicated to us by you and any change in the terms or size of the IPO would require the grading to be reviewed by us. If there is any change in the terms and conditions or size of the rated IPO, as above, the same must be brought to our notice before the issue of the IPO. If there is any such change after the grading is assigned by us, it would be subject to our review and may result in change in the grading assigned.

ICRA Nepal reserves the right to suspend, withdraw or revise the above grading at any time on the basis of new information or unavailability of information or such other circumstances, which ICRA Nepal believes, may have an impact on the aforesaid grading assigned to you.

The grading, as aforesaid, however, should not be treated as a recommendation to buy, sell or hold the Equity Shares to be issued by you. If the issue graded, as above, is not placed by you within 1st September 2019, the same would stand withdrawn unless revalidated before the expiry date.

[1] Enhanced IPO size from 420,000 nos. to 463,300 nos.

[2] IPO fundamentals are graded on a five point scale from Grade 1 (indicating strong fundamentals) to Grade 5 (indicating poor fundamentals). For the Grading categories 2, 3 and 4, the sign of + (plus) indicates their relative better position within the Grading categories concerned.

NMB CAPITAL
LIMITED
नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त

Nagpokhari, Kathmandu Tel: 977-1-4437963 Fax: 977-1-4437960
E-mail: info@nmbcl.com.np Website: www.nmbcl.com.np

• Issue Manager • Underwriting • Share Registrar • Portfolio Management
• Depository • Fund Manager • Depository Participant

च.न. २०७५/७६-२०९

मिति २०७५/०९/१६

श्री नेपाल धितोपत्र बोर्ड,
जावलाखेल, ललितपुर।

**विषय : डयु डेलिजेन्स् सर्टिफिकेट बारे।**

महाशय,

पर्वत जिल्ला, कुश्मा नगरपालिका -०९, कुश्मा बजारमा रजिष्टर्ड कार्यालय रहेको जनसेवी लघुवित्त वित्तीय संस्था लिमिटेडको सार्वजनिक निष्काशन गर्न लागेको रु. १०० /- अङ्कित दरका ४,६३,३०० कित्ता साधारण शेयरको जारी गर्न निष्काशन तथा बिक्री प्रवन्धकको रुपमा सेवा दिन हामी मञ्जुर गर्दछौं। साधारण शेयरहरु निष्काशन गर्ने क्रममा धितोपत्र सम्बन्धी ऐन, २०६३ मा भएको व्यवस्था अनुसार साधारण शेयर बिक्री वितरण गर्ने व्यवस्था मिलाईने छ। यस निष्काशन सम्बन्धमा देहायका कुराहरु जानकारी गराउँदछौं।

१. जनसेवी लघुवित्त वित्तीय संस्था लिमिटेडको विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरु हामीलाई उक्त कम्पनीबाट प्राप्त जानकारी अनुरुप तथ्यगत, पूर्ण र सही भएको र यसबाट लगानीकर्ताहरुलाई लगानी सम्बन्धमा सही निर्णय लिन मद्दत हुने देखिन्छ। साथै कम्पनीको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययन गर्दा कम्पनीले गरेको वा गर्न लागेको व्यवसाय सम्बन्धमा हाम्रो सकारात्मक धारणा रहेको छ।

२. प्रचलित धितोपत्र कारोवार सम्बन्धी कानून अनुसार पेश गर्नुपर्ने सम्पूर्ण कागजात र विवरणहरु प्रमाणित गरी त्यहाँ पेश गरिएको र प्रत्येकको एक एकप्रति सार्वजनिक जानकारीको लागि यस कार्यालयमा राखिएको छ।

३. कम्पनीद्वारा निष्काशित धितोपत्र धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको प्रचलित धितोपत्र सूचीकरण सम्बन्धी व्यवस्था बमोजिम सूचीकरण हुन योग्य छन्।

४. कम्पनीको निष्काशन गर्न लागेको साधारण शेयरका लागि आवेदन दिने आवेदकहरुलाई विवरणपत्र तथा दरखास्तफारम सरल तरिकाबाट वितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्बन्धमा कम्पनीसँग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने छौं।

५. हामीले त्यस बोर्डबाट जारी गरिएको धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा उल्लेख सबै कुराहरुको अध्ययन गरेका छौं। उक्त व्यवस्थाहरुसँग अनुरुप हुने गरी कम्पनीले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाएका छौं।

**धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक :**
एनएमबि क्यापिटल लिमिटेडको तर्फबाट :

नाम : **श्रीजेश घिमिरे**
पद : **प्रमुख कार्यकारी अधिकृत**
सही :

कार्यालयको छाप :

NMB CAPITAL
LIMITED